भीमदत्त नगरपालिकाको
आर्थिक बर्ष २०८०।८१ को

# नीति तथा कार्यक्रम

२०८० असार १० गते आईतबारका दिन
नगर सभामा प्रस्तुत

भीमदत्त नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कञ्चनपुर
सुदूरपश्चिम प्रदेश, नेपाल

**भीमदत्त नगरपालिका**

**आर्थिक वर्ष २०८०।०८१ का लागि प्रस्तावित नीति तथा कार्यक्रम**

**नगर सभा उपाध्यक्षज्यू तथा सदस्यज्यूहरु,**

नेपालको संविधान २०७२ को धारा २३० मा रहेको प्रावधान बमोजिम यस भीमदत्त नगरपालिकाको आर्थिक वर्ष २०८०/०८१ को नीति तथा कार्यक्रम यस गरिमामय नगर सभामा प्रस्तुत गर्न पाउँदा म गौरवान्वित भएको छु ।

नेपालको संविधानले संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाका माध्यमद्वारा दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा लिएको छ । नेपालको मूल राज्य संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको रहेको छ ।

स्थानीय तहको दोश्रो निर्वाचनबाट स्थानीय तहको शासकीय प्रबन्ध परिवर्तित भएको एक वर्षमा हामीले पूर्वाधार तथा संरचना निर्माण, सुशासन र सेवा प्रवाहलाई व्यवस्थित गर्ने कार्यका साथै विकासको प्रतिफल समन्यायिक र समुचित ढंगले नगरवासीलाई वितरण गर्ने आधारभूत मापदण्डहरु तयार गरेका छौं। यस अवधिमा योजना तथा नीति निर्माण, कार्यान्वयन र अनुमगनका क्षेत्रमा हामीले केही नयाँ सिकाइ र अनुभवहरूसमेत लिएका छौं। यस कार्यमा सहयोग, समन्वय र सहकार्य गर्नु हुने सम्पूर्ण नगरवासी, जनप्रतिनिधि, राजनैतिक दल, सरकारी, गैर-सरकारी संघ-संस्था, कर्मचारी, नागरिक समाज, पत्रकार, समाजसेवी, बुद्धिजीवि महानुभावहरूमा हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

राष्ट्रहित, लोकतन्त्र र अग्रगामी परिवर्तनका लागि नेपाली जनताले पटक पटक गर्दै आएका ऐतिहासिक जन आन्दोलन, सशस्त्र संघर्ष, त्याग र बलिदानको गौरवपूर्ण इतिहासलाई स्मरण एवं सम्पूर्ण ज्ञात-अज्ञात शहिदहरु प्रति उच्च सम्मानका साथ भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । साथै घाइते, बेपत्ता तथा पीडित भएका नागरिकहरु प्रति उच्च सम्मान प्रकट गर्दै सम्पूर्ण देशभक्त नागरिकले राष्ट्र निर्माणमा पुऱ्याएको योगदानलाई आदरपूर्वक स्मरण गर्न चाहन्छु ।

**"जनप्रतिनिधिहरु शासक होइनन् जनताका सेवक हुन"** भन्ने मान्यताका साथ स्थानीय नागरिकको चाहना र आवश्यकता अनुसार नगरपालिकाको सर्वाङ्गीण विकासका लागि आवश्यक नीति, कार्यक्रम, योजना, बजेट, अनुगमन तथा मूल्याङ्कनको खाका कोर्न र त्यसलाई जनअपेक्षा अनुरुप प्रभावकारी कार्यान्वयन गर्न अनवरत रुपमा कटिबद्ध रहने दृढता नगरवासीमा व्यक्त गर्दछु ।

**"समृद्ध भीमदत्त सुखी नगरवासीको साझा सोच, वातावरणमैत्री आर्थिक सामाजिक पूर्वाधार विकास हाम्रो अठोट"** भन्ने नारा अनुरुप आगामी आर्थिक वर्ष २०८०।०८१ का लागि नीति कार्यक्रम तथा बजेट तर्जुमा गरेकोछु ।

अब म आगामी आर्थिक वर्ष २०८०।०८१ का लागि नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

## कृषि तथा पशुपंक्षी तर्फ

## कृषि तर्फ

१. "**हाम्रो उपज हाम्रै प्रयोग**" भन्ने नाराका साथ कृषि क्षेत्रमा नगरपालिकालाई आत्मनिर्भर बनाउन व्यवसायिक कृषि खेतीलाई बढोत्तरी गर्नका लागि कृषि उत्पादन तथा उत्पादकत्वमा वृद्धि गर्न आवश्यक सहजिकरण गरिनेछ ।

२. कृषि उत्पादनलाई अभिवृद्धि गर्न "**एक वडा एक उत्पादन**" को नीति अवलम्बन गरिनेछ ।

३. कृषकहरुले उत्पादन गरेको कृषि उपजको भण्डारणका लागि शीतगृह, कृषि भण्डारण केन्द्र स्थापना तथा संचालन गर्न संघ सरकार तथा प्रदेश सरकारको समन्वयमा आवश्यक कार्य गर्न पहल गरिनेछ।

४. व्यवसायिक तरकारी खेतीलाई प्रबर्द्धन गरी निर्माणाधीन तरकारी बजार तथा कृषि उपज केन्द्रको निर्माण कार्यलाई पूर्णता दिइनेछ ।

५. कृषि बालीमा किरा तथा रोगबाट हुने क्षति न्यूनिकरणका लागि कृषक लक्षित आकस्मिक बाली उपचार कार्यक्रम ल्याइनेछ ।

६. कृषि व्यवसाय संचालन गरीरहेका कृषकहरुलाई एकिकृत कृषि तथा पशुपालन कार्यक्रम संचालन गर्न प्राविधिक तथा आवश्यक सहयोग गरिनेछ ।

७. "**माटो सुहाँउदो बाली, कृषि उत्पादनमा बृद्धि**" नारा अनुरुप माटोको गुणस्तर मापन तथा माटो सुधार कार्यक्रम अन्तरगत कृषकहरुलाई आवश्यक तालिमको व्यवस्था गरिनेछ । विषादीयुक्त उत्पादन न्यूनीकरण गर्न जैविक खेती तथा उत्पादन गर्ने कृषकलाई प्रोत्साहन गरिनेछ ।

८. किसान सूचीकरण कार्यलाई संघ सरकारको सहकार्यमा निरन्तरता दिइनेछ ।

९. नमुना पुष्प बगैंचा तथा बजारीकरण कार्यक्रमलाई निरन्तरता दिइनेछ।

## पशुपंक्षी तर्फ

१०. "**गौ-नन्दीको व्यवस्थापन, हाम्रो प्राथमिकता**" रहेको परिवेशमा गौ-नन्दी (सामुदायिक पशु) को दिगो व्यवस्थापनका लागि अक्षय कोषको स्थापना गरी संचालनमा ल्याईनेछ ।

११. गौ-नन्दीको उचित व्यवस्थापनका लागि संघ सरकार, प्रदेश सरकार, निजी, सहकारी तथा अन्य संघ-संस्थाहरुसँगको समन्वय तथा सहकार्यमा गरिएका कार्यलाई निरन्तरता दिई आधारभूत संरचना र व्यवस्थापकीय कार्यलाई उच्च प्राथमिकता दिई अगाडि वढाइनेछ।

१२. गौ-नन्दीको उचित व्यवस्थापन गर्नका लागि प्रत्येक वडामा व्यवसायिक रुपमा महिला लक्षित आयआर्जन र उद्यमशीलता अभिवृद्धि हुने गरी गौ-नन्दी पालन व्यवसाय संचालन गर्न प्रोत्साहन गरिनेछ ।

१३. जुनुटिक (Zoonotic) रोग रोकथाम तथा नियन्त्रणका लागि आवश्यक बजेट विनियोजन गरिनेछ ।

१४. पशुपालन व्यवसायमा आत्मनिर्भर बनाउदै दुध तथा दुग्धजन्य पदार्थ, अण्डा र मासु आत्मनिर्भरता केन्द्रित कार्यक्रमहरू संचालनमा जोड दिइनेछ ।

## शिक्षा, युवा तथा खेलकुद तर्फ

१५. "**विद्यार्थीसँग मेयर कार्यक्रम**" विद्यालयहरुमा संचालन गरी स्वस्थ्य वातावरण र शैक्षिक गुणस्तर अभिवृद्धि गरिनेछ ।

१६. "**जेहेन्दार विद्यार्थी छात्रवृत्ती कार्यक्रम**" अन्तरगत नगर क्षेत्रका विद्यालयहरुबाट अध्ययन गरेका विपन्न तथा जेहेन्दार विद्यार्थीहरुको उच्च शिक्षामा पहुँच बढाउन छात्रवृत्तीको व्यवस्थालाई निरन्तरता दिइनेछ । संस्थागत विद्यालयबाट प्रदान गरिने गरीव तथा जेहेन्दार विद्यार्थी छात्रवृत्ति कार्यक्रमलाई कडाईका साथ व्यवस्थित गरी लागू गरिनेछ ।

१७. सामुदायिक विद्यालयमा शैक्षिक गुणस्तरमा सुधार गर्दै विद्यार्थीहरुलाई शिक्षाका साथ-साथै व्यावसायिक ज्ञान सीप प्रवर्द्धन गर्न **पढ्दै कमाउँदै कार्यक्रम**लाई थप बिस्तार गरिनेछ।

१८. "**हाम्रो विद्यालय, उत्कृष्ट विद्यालय**" अभियान अन्तर्गत सामुदायिक विद्यालयहरुमा स्थानीय पाठ्यक्रम, योग शिक्षा लगायतका व्यवहारिक एवं व्यवसायिक शिक्षा प्रणालीलाई जोड दिइनेछ । **एक विद्यालय एक पुस्तकालय** स्थापना गर्न प्रदेश सरकार, संघ सरकार र अन्य दातृ निकायसँग समन्वय र सहकार्य गरिनेछ ।

१९. सूचना प्रविधिको उच्चतम प्रयोग गर्न शिक्षक एवं कर्मचारीहरुलाई आवश्यक तालिमको व्यवस्था गरी "**एक वडा एक प्रविधिमैत्री विद्यालय**" बनाउने अवधारणा ल्याइनेछ ।

२०. विद्यालयमा खुवाइने दिवा खाजालाई पोषणयुक्त बनाउन आवश्यक अनुगमनको व्यवस्था गरिनेछ साथै जंक फुड वितरण प्रणालीलाई निरुत्साहित गरिनेछ ।

२१. बालबालिका माथि हुन सक्ने यौनजन्य दुर्व्यवहार अन्त्यका लागि विद्यालय स्तरमा बालबालिकालाई प्रतिकारात्मक/प्रतिरक्षात्मक सीप एवं जनचेतना अभिवृद्धिका कार्यक्रमहरु संचालन गरिनेछ ।

२२. विद्यालय कर्मचारी तथा शिक्षकको क्षमता अभिवृद्धि गरिनुका साथै शिक्षक तथा कर्मचारी दरबन्दी मिलानलाई व्यवस्थित गरिनेछ । सामुदायिक विद्यालयमा कायम हुनुपर्ने शिक्षक विद्यार्थी अनुपातलाई व्यवस्थित गरिनेछ ।

२३. सामुदायिक तथा संस्थागत विद्यालयहरु बीचको अन्तर र त्यसले सृजना गरेको सामाजिक विषमतालाई कम गर्न विशेष पहल गरिनेछ। सामुदायिक र संस्थागत विद्यालयहरु बीच गुणस्तर विकास र असल अभ्यासको आदान प्रदानका लागि आवश्यक व्यवस्थापन गरिनेछ ।

२४. विद्यालय समायोजनका लागि स्थलगत अध्ययन गरी कार्यान्वयनमा ल्याइनेछ ।

२५. नमुना वालविकास केन्द्र तथा नमुना विद्यालय विकास कार्यक्रम संचालन गरिनेछ ।

२६. सामुदायिक विद्यालयहरुको **विद्यालय परिसर सुधार कार्यक्रम** संचालन गरिनेछ । यस अन्तर्गत निःशुल्क सेनेटरी प्याड वितरण कार्यक्रमलाई निरन्तरता दिइनेछ र शौचालय निर्माण, स्तरोन्नति, र पिउने पानीको प्रबन्धका लागि आवश्यक पहल गरिनेछ ।

२७. "**हरित विद्यालय कार्यक्रम**" अन्तरगत विद्यालयको वातावरण स्वच्छता कायम गर्न विद्यालय ईको पार्क तथा हरित विद्यालय कार्यक्रम संचालन गरिनेछ । हरेक महिनाको पहिलो शुक्रवार **विद्यालयमा विशेष सरसफाई कार्यक्रम** संचालन गरिनेछ ।

२८. संस्थागत विद्यालयहरुको संचालन तथा व्यवस्थापन थप गुणस्तरीयता कायम हुने गरी कार्यक्रमहरु संचालन गरिनेछ । संस्थागत विद्यालयहरुको शुल्क पुनरावलोकन निश्चित मापदण्ड र वैज्ञानिक आधारमा तय गरिनेछ । संस्थागत विद्यालयहरुले आफू खुसी वर्षेनी परिवर्तन गर्ने पाठ्यपुस्तकलाई नियमन गरी नगरपालिकाको स्वीकृती लिई मात्र परिवर्तन गर्न पाइने व्यवस्था मिलाईनेछ ।

२९. नगर क्षेत्रमा रहेका शिशु स्याहार केन्द्र, मन्टेश्वरी, ट्युशन-कोचिङ सेन्टर, विद्यालय बाहिर हुने अध्यापन कक्षा, भाषा कक्षाहरुलाई नियमन तथा व्यवस्थित गरिनेछ ।

३०. विशेष कक्षाका बालबालिकाहरुको सहज शैक्षिक पहुँच सुनिश्चित गर्ने प्रबन्ध गरिनेछ ।

३१. महाकाली बहुप्राविधिक शिक्षालयलाई व्यवस्थित गर्दै प्राविधिक विषयहरु थप बिस्तार गरिनेछ ।

३२. युवा तथा स्काउटलाई समुदाय तथा सामाजिक सेवामा परिचालन गरिनेछ ।

३३. नगर क्षेत्रका सामुदायिक सिकाई केन्द्रहरुलाई थप व्यवस्थित गरिनेछ ।

३४. वडास्तरीय र विद्यालयस्तरीय खेल प्रतियोगिता तथा सांस्कृतिक महोत्सव कार्यक्रम आयोजना तथा निरन्तरता दिइनेछ ।

३५. विद्यालयस्तरीय अतिरिक्त क्रियाकलापलाई थप व्यवस्थित र प्रभावकारी गरी विद्यार्थीहरुको क्षमता र प्रतिभा प्रस्फुटन गरिनेछ ।

३६. खेलकुदको संरक्षण, सम्बर्द्धन र प्रवर्द्धनका लागि खेलाडीहरुको भूमिकालाई सबल, सक्षम र प्रभावकारी बनाउन जोड दिइनेछ ।

## स्वास्थ्य तर्फ

३७. नगरवासीहरुको आधारभूत स्वास्थ्य सेवामा पँहुच सुनिश्चित गरिनेछ। ७५ वर्ष उमेर पुरा भएका ज्येष्ठ नागरिकहरुलाई **आधारभूत स्वास्थ्य सेवा घरदैलो कार्यक्रम**लाई निरन्तरता दिइनेछ ।

३८. **स्वास्थ्य सेवामा सबैको पहुँच**को अवधारणालाई साकार पार्न स्वास्थ्य सेवा प्रणालीको बिस्तार र सुदृढीकरण गर्दै समतामूलक स्वास्थ्य सेवा प्रवाहको सुनिश्चित गर्न समुदाय स्तरमा शिविर र विशेषज्ञ सेवाका लागि प्रदेश र संघीय सरकारसँग समन्वय गरिनेछ ।

३९. प्रसुति सेवा केन्द्रबाट प्रवाह हुने सेवालाई थप व्यवस्थित गर्दै संस्थागत प्रसुति सेवा प्रोत्साहन गर्न गर्भवती सुत्केरीहरुका लागि नगरभित्र **निःशुल्क एम्बुलेन्स सेवा**लाई निरन्तरता दिई प्रभावकारी बनाइनेछ ।

४०. अपाङ्गता भएका व्यक्तिहरुको लागि स्वास्थ्य परीक्षण सेवालाई विशेष प्राथमिकता दिइनेछ ।

४१. नगरवासीहरुको स्वास्थ्य सेवामा पहुँच पुऱ्याउने उद्देश्यले महाकाली प्रादेशिक अस्पताललाई र रक्त सेवा संचालनका लागि नेपाल रेडक्रस सोसाईटीलाई दिँदै आएको आर्थिक सहयोगलाई निरन्तरता दिइनेछ।

४२. मौजुदा स्वास्थ्य संस्थाहरुको भौतिक पूर्वाधारहरुको अवस्था विश्लेषण गरी क्रमिक रुपमा स्तरोन्नती गरिनेछ । प्रदेश र संघ सरकारको संयुक्त वित्तिय साझेदारी हुने गरी **स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम**हरु कार्यान्वयन गरिनेछ ।

४३. स्वास्थ्य क्षेत्रमा दातृ निकाय, निजी तथा गैर सरकारी क्षेत्रको सामाजिक उत्तरदायित्व बढाई जनस्वास्थ्यमा लगानी वृद्धि गर्न प्रोत्साहन गरिनेछ ।

४४. जनस्वास्थ्य क्षेत्रको आधारभूत ज्ञानका लागि विद्यालय तहको पाठ्यक्रममा आधारभूत स्वास्थ्य शिक्षा विषय क्रमशः राख्ने व्यवस्था मिलाईनेछ ।

४५. बाल स्वास्थ्य सेवाको बिस्तार र सुदृढीकरणका साथै सुरक्षित मातृत्व र प्रजनन् स्वास्थ्य अधिकारको सुनिश्चितता गरिनेछ ।

४६. लिङ्ग पहिचानका आधारमा गरिने गर्भपतनलाई पूर्ण निरुत्साहित गर्दै क्रमिक रुपमा सुरक्षित गर्भपतन सेवालाई सामुदायिक तथा गैर सरकारी निकायमा समेत बिस्तार गरिनेछ ।

४७. बहुक्षेत्रीय पोषण योजनालाई प्रभावकारी बनाउदै बालबालिका, किशोर किशोरी, गर्भवती र सुत्केरी महिलाहरुको पोषण अवस्था सुधारका लागि विद्यालय र समुदायमा आधारित स्वास्थ्य तथा पोषण प्रबर्द्धनका कार्यक्रमहरु लागू गरिनेछ ।

४८. **"स्वस्थकर जीवनशैलीका लागि योग"** अवधारणा अनुरुप योग ध्यानलाई बढावा दिदै तनाव व्यवस्थापन तथा शारीरिक क्रियाकलापका लागि आवश्यक स्थान र उपकरणको व्यवस्था गरिनेछ ।

४९. महामारी, संक्रामक तथा किटजन्य रोग नियन्त्रण तथा व्यवस्थापनका लागि पूर्व प्रतिकार्य योजना, द्रूत प्रतिकार्य समूह (RRT) गठन र औषधी तथा सामग्रीको बफर स्टक लगायतका आवश्यक कार्यहरु गरिनेछ ।

५०. प्रभावकारी स्वास्थ्य शिक्षा र सञ्चारको माध्यमबाट गलत सामाजिक अभ्यासहरुलाई न्यूनीकरण गरी स्वास्थ्य आनीबानी र अभ्यासहरुको प्रवर्द्धन गर्न उपयुक्त वातावरणको सुनिश्चितता गरिनेछ ।

५१. भीमदत्त नगरपालिकाको क्षेत्र भित्र रहेका सार्वजनिक स्थलहरुमा सूर्तीजन्य पदार्थको सेवन तथा बिक्रि वितरण कार्यलाई कडाईका साथ निरुत्साहन गर्नका लागि विशेष अभियान संचालन गरिनेछ ।

५२. आधारभूत स्वास्थ्य संस्थाहरुमा दक्ष जनशक्ति उपलब्ध गराउनुका साथै आवश्यक स्वास्थ्य सामाग्री सहितको पूर्वाधार विकास गरिनेछ।

५३. आयुर्वेदिक पद्धतिबाट गरिने स्वास्थ्य उपचार सेवालाई गुणस्तरीय र प्रभावकारी बनाउन सम्वद्ध निकायसँग समन्वय गरिनेछ ।

## वन, वातावरण तथा विपद व्यवस्थापन तर्फ

५४. सामुदायिक वन क्षेत्रमा रहेका बाँस, निंगालो लगायतका गैरकाष्ठ वनपैदावारको उत्पादन र प्रयोगमा जोड दिइनेछ ।

५५. नगरपालिकाले अन्य सरोकारवालासँगको सहकार्यमा नर्सरी स्थापना गरी आवश्यक बोटबिरुवा उत्पादन गरी नगरपालिकालाई हरित नगरको रुपमा विकास गरिनेछ ।

५६. टोल विकास संस्थाहरुको सक्रियतामा नगरका सडक क्षेत्रको दायाँ बायाँ वृक्षारोपण र संरक्षण गरिनेछ ।

५७. बाढी, डुबान लगायतका विपदहरुसँग जुध्न वडा स्तरीय विपद व्यवस्थापन समिति लगायतका अन्य समिति र संजालहरुको आवश्यक क्षमता अभिवृद्धि गरी परिचालन गरिनेछ । विपद व्यवस्थापन कोषलाई थप प्रभावकारी रुपमा संचालन गरिनेछ ।

५८. भीमदत्त नगरपालिकाको विपद् जोखिम न्यूनिकरणका लागि घरधुरीस्तरको जोखिम नक्साकंन कार्य गर्न आवश्यक समन्वय गरिनेछ।

५९. विपदको समय र विपद पश्चात प्रयोगमा आउन सक्ने खुल्ला तथा सुरक्षित स्थानहरुको उचित व्यवस्थापनका  लागि आवश्यक पहल गरिनेछ ।

६०. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन र वातावरण संरक्षण लागायतका क्षेत्रमा स्वयंसेवी रूपमा कार्य गर्न नगर र वडा स्तरमा युवाहरुको समूह, सञ्जाल तयार गर्ने र उनीहरूको क्षमता अभिवृद्धि गरिनेछ । स्थानीय आपतकालीन सेवा केन्द्रलाई प्रभावकारी रूपमा संचालन गरिनेछ ।

६१. ईको पार्क, स्थानीय पार्क र बाल उद्यानलाई व्यवस्थित रुपमा संचालन गर्न आवश्यक पहल गरिनेछ ।

## सरसफाई तथा फोहोरमैला व्यवस्थापन तर्फ

६२. एकिकृत फोहोरमैला व्यवस्थापन केन्द्र निर्माण गर्न आवश्यक जग्गाको प्राप्तीका लागि सम्भावित क्षेत्रहरुमा प्रक्रिया अगाडि बढाइनेछ र फोहोरमैला व्यवस्थापनका लागि अन्तर स्थानीय तहसँग आवश्यक समन्वय र सहकार्य गरिनेछ । फोहोरमैला व्यवस्थापनका लागि अन्य वैकल्पिक उपायहरुको पहिचान गरी कार्यान्वयनका लागि पहल गरिनेछ ।

६३. नगरलाई स्वच्छ तथा सफा राख्न “**स्वच्छ नगर हरित नगर**” भन्ने नारासहित **भीमदत्त सरसफाई स्वच्छ अभियान** संचालन गरिनेछ ।

६४. Waste Processing Center संचालन तथा व्यवस्थापन गर्न आवश्यक कानून निर्माण गरी कार्यान्वयनमा ल्याइनेछ ।

६५. नगरपालिका क्षेत्र भित्र भेटिने बेवारिसे शव व्यवस्थापनका लागि भैरहेको कार्यलाई निरन्तरता दिइनेछ ।

६६. फोहोरलाई स्रोत मै वर्गीकरण गरी छुट्याउन नागरिक सचेतनामूलक कार्यक्रम संचालन गरिनेछ ।

६७. भीमदत्त नगरपालिकामा प्लाष्टिक झोला निषेध गर्न कागज तथा कपडाको वातावरणमैत्री झोला तथा थैला बनाउने उद्योगलाई प्रोत्साहन स्वरुप व्यवसाय करमा पचास प्रतिशत छुट दिने नीति अवलम्बन गरिनेछ । प्लाष्टिक जन्य सामाग्रीको प्रयोगमा दुरुत्साहित गर्न परम्परागत तथा मौलिक रुपमा प्रयोग हुने दुना टपरी लगायतका सामाग्रीहरुको उत्पादन तथा बजारीकरणका लागि आवश्यक कार्यक्रम ल्याइन पहल गरिनेछ ।

६८. बजार क्षेत्रको ढल निकासलाई व्यवस्थित तरिकाले व्यवस्थापन गर्न आवश्यक पहल गरिनेछ ।

## भूमी व्यवस्था तथा भवन नियमन तर्फ

६९. नगरवासीहरुको घर नक्सा पास कार्यलाई थप सुलभ र सहज गर्न नगरपालिकाले आवश्यक कानून तर्जुमा गरी नक्सा सम्बन्धी कार्यालय भित्रै परामर्श सेवा दिन आवश्यक व्यवस्था मिलाईनेछ ।

७०. भवन मापदण्ड र राष्ट्रिय भवन संहिता प्रभावकारी रुपमा कार्यान्वयन गर्न गराउन प्राविधिक कर्मचारी, कन्सलटेन्ट, घर निर्माण गर्ने घरधनीहरुलाई आधारभूत तालिम दिन आवश्यक प्रबन्ध मिलाईनेछ।

७१. नगरपालिकाको मेट्रिक ऐड्रेसिङ प्रणालीका आधारमा घरहरुमा घर नम्बर प्लेट जडान कार्यलाई निरन्तरता दिईनेछ ।

७२. राष्ट्रिय भूमी आयोग अन्तर्गतको जग्गाको नाप जाँच तथा रेखाङ्कन कार्यलाई सम्पन्न गरी अव्यवस्थित बसोबासी र भूमिहीन सुकुम्बासीलाई जग्गा धनी दर्ता प्रमाण पुर्जा उपलब्ध गराउन आवश्यक समन्वय गरिनेछ ।

७३. नगरपालिकाको भू-उपयोग योजना बनाई भू-उपयोग क्षेत्र वर्गीकरणलाई थप व्यवस्थित गरी प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याईनेछ ।

७४. नगरपालिका भित्रका खुल्ला तथा सार्वजनिक जग्गा संरक्षणका लागि आवश्यक नीति तर्जुमा गरिनेछ ।

## भौतिक पूर्वाधार तथा यातायात तर्फ

७५. एशियाली विकास बैंकको अनुदान सहयोगमा सञ्चालित क्षेत्रीय शहरी विकास आयोजना मार्फत कार्यान्वयनमा आइरहेको भौतिक पूर्वाधार विकास, फोहोरमैला व्यवस्थापन केन्द्र, कार्य सम्पादनमा आधारित सामाजिक तथा आर्थिक विकास कार्यक्रमलाई निरन्तरताका लागि पहल गरिनेछ ।

७६. नगरपालिकाको धार्मिक पर्यटकीय मार्ग, बाह्य र भित्री चक्रपथ र शुक्लाफाँटा पर्यटन मार्ग निर्माण कार्य सम्पन्न गर्न संघ तथा प्रदेश सरकारसँग पहल गरिनेछ ।

७७. पूर्वाधार विकासको गुणस्तर सुनिश्चितताका लागि सुविधा सम्पन्न ल्याब स्थापना गर्न आवश्यक पहल गरिनेछ ।

७८. विद्युतीय रिक्साको अभिलेखीकरण, व्यवस्थापन तथा नवीकरण कार्य गर्न आवश्यक प्रबन्ध मिलाईनेछ ।

७९. महेन्द्रनगर विमानस्थल निर्माण कार्य सम्पन्न गर्न संघ तथा प्रदेश सरकारसँग आवश्यक समन्वय तथा सहकार्यलाई निरन्तरता दिइनेछ।

८०. वडा नं. १८ स्थित सालघाडी क्षेत्रमा बस पार्कका लागि छुट्याइएको जग्गालाई संरक्षण गरी नयाँ बस पार्क निर्माण गर्न आवश्यक पहल गरिनेछ ।

८१. अति विपन्न वर्गको अव्यवस्थित बस्तीलाई नमूना बस्ती विकास गर्ने नीति अवलम्बन गरिनेछ ।

८२. नगरपालिका क्षेत्र भित्र रहेका अवैध संरचना हटाउनका लागि आवश्यक नीति निर्माण गरी कार्यान्वयन गरिनेछ ।

८३. नगरपालिकाका पूर्वाधारहरुमा लगानीका विभिन्न वित्तीय उपकरण तथा स्रोत परिचालन गर्न नगर विकास कोषमा नगरपालिकाको शेयर स्वामित्व रहने गरी आवश्यक प्रबन्ध मिलाईने छ ।

८४. घर तथा भवन निर्माण गर्दा सडकमा निर्माण सामग्री राख्ने, सडकमा पशु चौपाया बाँधेर राख्ने जस्ता सडक यातायातमा व्यवधान पुऱ्याउने र सडकपेटी तथा सडकमा व्यापार व्यवसाय तथा पसल सामाग्री राख्ने कार्यलाई निरुत्साहित गरी सडक आवागमनमा सहजता ल्याइने छ।

- **उर्जा, खानेपानी तथा सिचाई तर्फ**

८५. बायोग्याँस, वैकल्पिक उर्जा, विद्युतीय चुलो, सुधारिएको चुलो, गोबर ग्याँस तथा अन्य उपयुक्त प्रविधिको उच्चतम प्रयोग गर्न नगरवासीहरुलाई प्रोत्साहित गरिनेछ ।

८६. भीमदत्त नगरलाई उज्यालो नगरको रुपमा विकास गर्न सम्बद्ध निकायहरुको साझेदारी र सहकार्यमा "**उज्यालो भीमदत्त**" अभियानलाई निरन्तरता दिइनेछ ।

८७. नगरवासीहरुलाई शुद्ध खानेपानीको पहुँचको सुनिश्चितता गर्न सम्बन्धित निकायसँग सहकार्य गरिनेछ।

८८. नगरको सम्पूर्ण क्षेत्रमा सिचाईको पहुँच पुऱ्याउन आवश्यक पहल गरिनेछ।

- **लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण तर्फ**

८९. महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, दलित, आदिवासी जनजाति, पिछिडिएका वर्ग, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, सुकुम्वासी, विपन्न, सीमान्तकृत, लोपोन्मुख, अल्पसंख्यक जस्ता लक्षित वर्गहरुको खण्डिकृत तथ्याङ्क संकलन गरी निजहरुको जीवनस्तरमा सुधार ल्याउन विशेष कार्यक्रमहरु सञ्चालन गरिने छ।

९०. नगर भित्र रहेका आर्थिक रुपमा विपन्न महिलाहरुलाई सामाजिक परिचालनका माध्यमबाट संस्थागत सुदृढीकरण गरी आर्थिक र सामाजिक रुपमा सशक्तिकरण गरिनेछ ।

९१. **उप-प्रमुख गरीव विपन्न सहयोग** कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

९२. मानव बेचबिखन तथा ओसारपसारका पिडित तथा जोखिममा रहेका व्यक्ति, समूह र समुदायको आर्थिक सामाजिक सशक्तिकरणका लागि उद्दार तथा राहत कोष स्थापना गरिने छ ।

९३. नगर भित्र रहेका किशोरीहरुको किशोरीसमुह र नगरस्तरिय सञ्जाल गठन गरी जीवनउपयोगी शिक्षा, आत्मसुरक्षा तालिम र विभेद विपक्षिय तालिम दिइनुका साथै विद्यालय विमुख किशोरीहरुका लागि आयमूलक कार्यक्रम संचालन गरिनेछ ।

९४. यस नगरमा रहेका ज्येष्ठ नागरिकहरुको ज्ञान सीप युवाहरुमा हस्तान्तरण गर्न ज्येष्ठ नागरिकहरु प्रति आदर, सदभाव र उच्च सम्मान स्थापना गरी सुसंस्कृत सभ्य समाज सृजना गर्नका लागि विद्यालयस्तरमा पुस्तान्तरण कार्यक्रम सञ्चालन गरिनेछ ।

९५. अपाङ्गता भएका व्यक्तिहरुलाई सहायक सामग्रीहरु उपलब्ध गराउने कार्यलाई निरन्तरता दिइनेछ ।

९६. क र ख वर्गका अपाङ्गता भएका व्यक्तिहरुको उचित संरक्षण र स्याहार सुसारका लागि अभिभावकहरुलाई हेरचाह सम्बन्धी तालिम दिनुका साथै ग र घ वर्गका अपाङ्गता भएका व्यक्तिहरुलाई आय-आर्जन र स्वावलम्बी जीवनयापन गर्न सीपमूलक तालिम सञ्चालन गरी व्यवसायतर्फ उन्मुख गराउन वस्तुगत टेवा अनुदान वितरण गरिनेछ ।

९७. एकल महिलाहरुको आत्मसम्मान बढ्ने, आर्थिक विकास तथा स्वावलम्बनको कार्यक्रम सञ्चालनमा ल्याइने छ ।

९८. विपन्न, दलित, आदिवासी, जनजाती लगायत पिछडिएका वर्ग-समुदायका लागि क्षमता विकास, आयमूलक कार्यक्रम सञ्चालन गरिने छ ।

९९. **महिला तथा बालबालिका हिंसामुक्त नगर** बनाउन हिंसापीडितका लागि आश्रय स्थलसहितको अल्पकालिन सेवा केन्द्रलाई थप व्यवस्थित गरी संचालन गरिनेछ ।

१००. लैङ्गिक हिंसाबाट पीडित महिला, बालबालिका तथा किशोरकिशोरी वा लैङ्गिक हिंसाबाट प्रभावित पीडित व्यक्तिहरुका लागि लैङ्गिक हिंसा निवारण कोषलाई निरन्तरता दिइने छ ।

१०१. आपतकालीन अवस्थामा रहेका बालबालिकाको उद्धार, पुनर्स्थापना तथा त्यस्ता बालबालिकालाई राहत दिनका लागि बाल उद्धार कोष स्थापना गरिने छ ।

१०२. नगर भित्र निर्माण भइरहेका भौतिक पूर्वाधारहरु महिलामैत्री, बालमैत्री तथा अपाङ्गमैत्री बनाउन जोड दिइनेछ ।

१०३. बालश्रम र बालविवाह मुक्त नगरपलिका बनाउन विशेष कार्यक्रम संचालन गरिनेछ ।

१०४. नगरभित्र रहेका बिद्यालय, टोल विकास संस्था, आमा समुह, बालबालिकाहरुका लागि लागुऔषध दुर्व्यसन न्यूनीकरण सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ । यस्ता दुर्व्यसनीमा

फसेका व्यक्तिहरुलाई सुधारकेन्द्र/पुनर्स्थापना केन्द्रमा मनोचिकित्सा विधि मार्फत सुधार गर्न पहल गरिनेछ ।

१०५. नगरपालिकाबाट संचालित सबै कार्यक्रमहरुको लैङ्गिक उत्तरदायी बजेट र लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण विधिका माध्यमबाट प्रभाव मूल्याङ्कन गरिनेछ ।

१०६. बृहत्तर समानता हासिल गर्न वित्तीय ज्याला सम्बन्धि र सामाजिक संरक्षण सम्बन्धि नीतिहरू अवलम्बन गरिने छ ।

१०७. छुवाछुत, जातीय भेदभाव, लैङ्गिक विभेद, अन्धविश्वास जस्ता कुरीतिहरू पूर्ण रूपमा हटाउन प्रभावकारी सचेतनामूलक कार्यक्रमहरु ल्याइने छ ।

## उद्योग, सहकारी तथा रोजगार प्रवर्द्धन तर्फ

१०८. "**एक सहकारी एक उत्पादन**" नीति मार्फत सहकारी संस्थाहरुलाई प्रोत्साहन गरिनेछ ।

१०९. छरिएर रहेका ठेला तथा खोका छाप्रा व्यवसायीका लागि निर्माणाधीन एकिकृत व्यापारिक केन्द्रलाई आवश्यक कानून तर्जुमा गरी संचालनमा ल्याइनेछ ।

११०. नगरपालिकाले संचालन गर्ने योजना आयोजनाहरुमा रोजगार सेवा केन्द्र मार्फत श्रमिकको आपूर्ति गरिने वातावरण सिर्जना गर्न आवश्यक कानूनको तर्जुमा गरी रोजगार सेवा केन्द्रलाई थप प्रभावकारी बनाइनेछ ।

१११. वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरुको ज्ञान, सीप र क्षमताको अधिकतम उपयोग गर्न आवश्यक नीति तथा कार्यक्रम तर्जुमा गरिनेछ र सो का लागि सरोकारवाला निकाय र निजी क्षेत्रसँग सहकार्य र समन्वयमा जोड दिईनेछ ।

११२. बेरोजगार व्यक्तिहरुको तथ्यांक संकलन तथा विश्लेषण गरी रोजगार सूचना व्यवस्थापन प्रणालीमा बेरोजगारको सूची अद्यावधिक र व्यवस्थित गरिनेछ । नगरपालिका भित्र उपलब्ध रोजगारीका अवसरहरुको पहिचान गरी सोको सूचना प्रवाहका लागि व्यवस्था मिलाइने छ ।

११३. वैदेशिक रोजगारीमा जाने व्यक्तिहरुको लागि श्रम स्वीकृति र पुनःश्रम स्वीकृतिको कार्यलाई प्रभावकारी तरिकाले कार्यान्वयन गरिनेछ ।

११४. अति विपन्न वर्गको आयआर्जन र जीविकोपार्जनका लागि क्षमता अभिवृद्धि तथा सीप विकास तालिम, प्रविधि, व्यवसाय, उत्पादन र बजार सुनिश्चितता सहितको विशेष प्याकेज कार्यक्रम संचालन गरिनेछ।

## संस्कृति तथा पर्यटन प्रवर्द्धन तर्फ

११५. "**पर्यटन पूर्वाधार भीमदत्तको आधार**" नाराका साथ भीमदत्त नगरपालिकामा रहेका धार्मिक, साँस्कृतिक, पुरातत्विक एवं पर्यटकीय क्षेत्रहरुको संरक्षण र सम्बर्द्धन गरिनेछ । धार्मिक तथा पर्यटकीय क्षेत्रको रुपमा रहेको झिलमिला ताल, प्राचिन सिद्धनाथ मन्दिर खल्ला, भम्केनी धाम, ताराकोटको प्राचिन शिवमन्दिर, बाह्र वटा कुण्ड भएको बाह्रकुण्ड क्षेत्र र विष्णुधाम मन्दिरको उचित संरक्षण गरी पर्यटकीय र धार्मिक धरोहरको रुपमा विकास गरिनेछ ।

११६. महाकाली नदिको किनारमा पर्यटन प्रवर्द्धनका लागि सम्भाव्यता अध्ययन गरिनेछ ।

११७. साँस्कृतिक र पर्यटकीय विकास गर्न झोलुङ्गे पुल छेउ पार्क निर्माण, श्री रामानुज धाम व्यवस्थापन र हात्तीसारमा सहज पहुँच र संचालन गर्न आवश्यक पहल गरिनेछ ।

११८. परम्परागत रुपमा रहेका धर्म, संस्कृति, भेषभुषा, भाषा, चाडपर्व, खान्की तथा साहित्यलाई जगेर्ना एवं प्रवर्द्धन गर्न आवश्यक पहल गरिनेछ ।

११९. नगरपालिकाले आयोजना गर्ने महोत्सव, दिवस, समारोह आदिमा मितव्ययिता अपनाईनेछ।

१२०. पर्यटन उद्योग, व्यापार, भवन निर्माण र यातायात क्षेत्रमा नीतिहरु तर्जुमा गर्दा निजी क्षेत्र लगायत सम्बद्ध सरोकारवालाहरुसँग आवश्यक समन्वय र सहकार्य गरिनेछ ।

**सार्वजनिक सेवा तर्फ**

१२१. भीमदत्त नगरपालिकाको सँगठन तथा व्यवस्थापन सर्वेक्षण (O&M) लाई समय सापेक्ष पुनरावलोकन गरी कार्यरत जनशक्तिको उपयुक्त आकार (Right Sizing) मा व्यवस्थापन गरिनेछ ।

१२२. सुशासन प्रवर्द्धन गर्न सामाजिक परीक्षण, सार्वजनिक परीक्षण तथा सार्वजनिक सुनुवाई कार्यक्रम गरिनेछ ।

१२३. गरिब घरपरिवार पहिचान तथा परिचयपत्र वितरण कार्यलाई छिटो सम्पन्न गर्न तथा परिचयपत्र वितरण कार्य सम्पन्न गर्न संघ सरकारसँग पहल गरिनेछ ।

१२४. भीमदत्त नगर प्रहरीको क्षमता अभिवृद्धि गरी नगर प्रहरीलाई थप व्यवस्थित तथा जिम्मेवार बनाइनेछ ।

१२५. जिन्सी निरीक्षण प्रतिवेदनका आधारमा मर्मत हुन नसक्ने सवारी साधन तथा अन्य जिन्सी सामाग्रीको लिलाम बिक्रि गर्ने व्यवस्था मिलाईनेछ ।

१२६. नगरको सर्वाङ्गीण विकासमा अन्य पालिकाको असल अभ्यासलाई आत्मसात गर्दै स्वदेश तथा विदेशका अन्य पालिकासँग भगिनी सम्बन्ध स्थापित गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

१२७. ज्ञान, अनुभव, सीप, प्रविधिको आदान प्रदान तथा नव-प्रवर्तन अभ्यास, अध्ययन र अनुसन्धानको समुचित उपयोगका लागि स्वदेशी तथा विदेशी विश्वविद्यालय, अध्ययन अनुसन्धान केन्द्र लगायतका निकायहरुसँगको साझेदारीमा नगरको विकास र समृद्धि गर्न आवश्यक कार्यक्रम तर्जुमा गर्न दिइनेछ ।

१२८. नगरपालिकाले प्रदान गर्ने सेवा र सुविधाहरुलाई क्रमशः डिजिटाइजेशन गर्दै सेवा प्रवाहलाई सहज र पारदर्शी बनाइनेछ ।

१२९. पूर्वाधार सम्पत्ति व्यवस्थापन कार्य गर्नका लागि UNCDF को समन्वयमा महत्वपूर्ण सम्पत्तिहरु छनौट गरि प्राथमिकताका आधारमा सम्पत्ति व्यवस्थापन कार्य योजना (Asset Management Action Plan) बनाइ कार्यान्वयनमा ल्याइनेछ।

१३०. सार्वजनिक पूर्वाधार सम्पत्तिको अभिलेखिकरण गरी सूचना प्रविधिको माध्यमबाट डिजिटलाईजेसन गरिनेछ ।

## आर्थिक प्रशासन तथा राजश्व परिचालन तर्फ

१३१. आर्थिक सीमितता तथा वित्तीय दायित्वको चुनौतीलाई सामना गर्न चालु खर्च तर्फको बढ्दो चापलाई न्यूनीकरण गरी मितव्ययिता अपनाइनेछ ।

१३२. वित्तीय जोखिम न्यूनीकरण गरी आर्थिक सुशासन कायम गर्न आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।

१३३. वार्षिक बजेट र आवधिक योजनालाई सहयोग पुऱ्याउन नगरपालिकाको मध्यमकालीन खर्च संरचना योजना प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।

१३४. राजस्व प्रशासनलाई थप सुदृढ र चुस्त बनाइनेछ । नगरवासीहरुले बुझाउने सबै किसिमका करहरुलाई अनलाईनको माध्यमबाट बुझाउन सकिने प्रबन्ध समेत मिलाईनेछ ।

१३५. समयमा र धेरै कर दाखिला गर्ने करदातालाई **उत्कृष्ट करदाता** को रूपमा पुरस्कृत गरिने कार्यक्रमलाई निरन्तरता दिइनेछ । सबै आर्थिक तथा व्यापारिक क्रियाकलापहरुलाई करको दायरामा ल्याई आन्तरिक आम्दानीको दायरालाई अझ फराकिलो बनाईनेछ ।

१३६. नगरपालिकाको बहाल कर र व्यवसाय करलाई डिजिटलाईज गरी अनलाईन भुक्तानी प्रणालीमा आवद्ध गरिनेछ ।

१३७. महालेखापरीक्षकको कार्यालयले प्रतिवेदनमा औंल्याएका बेरुजू फछ्र्यौट र समपरिक्षण गर्ने कार्यलाई उच्च प्राथमिकता दिई तदारुकताकासाथ कार्य थालनी गरी वित्तीय अनुशासन कायम गरिनेछ ।

## योजना, अनुगमन तथा तथ्याङ्क तर्फ

१३८. दिगो विकास लक्ष्यहरुको स्थानीयकरण गर्दै भीमदत्त नगरपालिकाको आवधिक योजना कार्यान्वयनमा ल्याइनेछ ।

१३९. गत विगतका क्रमागत बहुवर्षीय योजनाहरु औचित्य तथा आवश्यकताका आधारमा सम्पन्न गर्न पहल गरिनेछ ।

१४०. नगरपालिकाका योजना, आयोजना तथा कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयनका लागि संघ, प्रदेश सरकार, दातृ निकाय, विकासका साझेदार तथा अन्य सम्बद्ध निकायहरुसँग आवश्यक समन्वय र सहकार्य गरिनेछ ।

१४१. भीमदत्त नगरपालिकाको नगरका गौरव तथा रुपान्तरणकारी योजनाहरुको पहिचान गरी श्रोत सुनिश्चितताका लागि संघ, प्रदेश सरकार र दातृ निकायसँग आवश्यक पहल गरिनेछ ।

## न्याय, कानून र मानव अधिकार प्रवर्द्धन तर्फ

१४२. स्थानीय शान्ति, एकता र सौहार्दताका लागि स्थानीय तहको क्षमता विकास, मेलमिलाप, सामाजिक न्याय सहितको न्यायिक निरुपण र कार्यान्वयनको नीति अवलम्बन गरिनेछ ।

१४३. भीमदत्त नगरपालिकाको समग्र विकास निर्माण र समुन्नतिका लागि आवश्यक नीति, योजना तथा कानूनहरुको निर्माण, अद्यावधिक र संशोधन कार्यलाई निरन्तरता दिइनेछ ।

१४४. संविधान प्रदत्त मौलिक हक, मानव अधिकार तथा सामाजिक सुरक्षालाई प्रत्याभूति दिने कार्यक्रम, गोष्ठी, दिवस तथा सामाजिक अभियानहरु संचालनमा जोड दिइनेछ ।

१४५. वडा स्तरमा मेलमिलाप केन्द्रको गठन र संचालनलाई प्राथमिकता दिई सुलभ र पहुँच योग्य न्याय प्रणाली अवलम्बन गरिनेछ ।

## सूचना प्रविधि तथा संचार तर्फ

१४६. भीमदत्त नगरपालिकाको शाखा/उपशाखामा प्रयोग भईरहेका सफ्टवेयरलाई अन्तरआबद्धता कायम गरी सेवा उपलब्ध गराइनेछ।

१४७. नगरपालिकामा संचालन रहेको जिन्सी व्यवस्थापनको सफ्टवेयर PAMS लाई वडा स्तरमा संचालन गर्ने व्यवस्था मिलाईनेछ ।

१४८. भवन नक्सा पासको सफट्वेयर eBPS र राजस्व शाखाको सफ्टवेयर लिङ्केज गरी नक्सा पास वापतको राजश्वलाई थप व्यवस्थित गर्दै लगिनेछ ।

१४९. नगरपालिकाको घर नम्बरलाई GIS प्रणालीसँग आवद्ध गर्न मेट्रिक एड्रेसिङ (Metric Addressing) प्रणाली थप व्यवस्थित गरी नागरिक स्वयंले हेर्न मिल्ने प्रणालीको विकास गरिनेछ ।

१५०. नगर क्षेत्रका आमसञ्चार र पत्रकारिता क्षेत्रको विकास एवं संस्थागत क्षमता अभिवृद्धिका लागि आवश्यक सहकार्य गरिनेछ ।

### सामाजिक सुरक्षा तथा पञ्जीकरण तर्फ

१५१. सामाजिक सुरक्षा भत्ता वितरण कार्यलाई थप प्रभावकारी बनाउन "**एक वडा एक बैंक**" को अवधारणा र सम्बन्धित लाभग्राहीको खातामा रकम जम्मा गर्न सामाजिक सुरक्षा भत्ता प्रणालीमा EFT को व्यवस्था गरिनेछ ।

१५२. नगरपालिकालाई **पूर्ण घटना दर्तायुक्त नगरपालिका** बनाउन आवश्यक कार्यक्रम तर्जुमा गरिनेछ ।

**नगर सभा उपाध्यक्षज्यू तथा सदस्यज्यूहरु,**

अन्तमा प्रस्तुत नीति तथा कार्यक्रम तर्जुमाको क्रममा सुझाव र सहयोग प्रदान गर्नु हुने राजनीतिक दल, जनप्रतिनिधि, राष्ट्रसेवक कर्मचारी, बुद्धिजीवी, सरकारी, निजी क्षेत्र, गैरसरकारी संघसंस्था, किसान, श्रमिक वर्ग, उद्योगी, व्यवसायी, नागरिक समाज, आम सञ्चारजगत र सम्पूर्ण नगरवासीहरुप्रति हार्दिक आभार प्रकट गर्दै प्रस्तुत नीति तथा कार्यक्रम कार्यान्वयनको लागि सबैबाट सहयोग प्राप्त हुने विश्वास व्यक्त गर्दछु ।

हार्दिक धन्यवाद सहित !

मितिः २०८०।०३।१०, आईतबार